**आकाशवाणी समाचार- नेपाली**

मितिः १३ दिसम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

1. लोकसभामा आज संविधान माथी दुई दिनको चर्चा शुरू हुनेछ। भारतीय संविधानको स्वीकृतिको 75ओ वर्षको अवसरमा यो बहस शुरू भएको हो।

2. प्रधानमन्त्री नरेन्द्र मोदीले आज प्रयागराजमा हुने महाकुम्भ मेलाअघि 7 हजार करोड रुपियाँको विकास परियोजनाको उद्घाटन गर्नुहुनेछ।

3. विदेश मंत्री डॉ. सुब्रह्मण्यम जयशंकरले आज नयाँ दिल्लीमा संयुक्त अरब अमीरातका विदेश मंत्री शेख अब्दुल्ला बिन जायद अल नह्यान सँग साथ 15ओ भारत-यूएई संयुक्त आयोगको बैठकको सह-अध्यक्षता गर्नुहुनेछ।

4. कांग्रेस पार्टीले दिल्ली विधानसभा चुनावका लागि २१ उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ।

5. ओमानको मस्कटमा **महिला जूनियर हॉकी एशिया कप** मा भारतले हिज राती थाईलैंडलाई नौ-शून्य ले पराजित गरेको छ।

**लोकसभा संविधान**

लोकसभामा आज संविधान माथी दुई दिनको चर्चा शुरू हुनेछ। भारतीय संविधानको स्वीकृतिको 75ओ वर्षको अवसरमा यो बहस शुरू भएको हो। लोकसभाको सूचीबद्ध कार्य अनुसार प्रश्नकाल पछि **भारतमा संविधान स्वीकृतिको** 75**ओ वर्षगांठ** माथी विशेष चर्चा हुनेछ। रक्षामंत्री राजनाथ सिंहले चर्चाको शुरूआत गर्नुहनेछ। प्रधानमंत्री नरेन्द्र मोदीले दुई दिने चर्चामा भोलि आफ्नु मत राख्नु हुनेछ। चर्चा भन्दा अघि प्रधानमंत्री नरेन्द्र मोदीले हिज कार्यनीतिक बैठक गर्नु भयो। बैठकमा रक्षामंत्री राजनाथ सिंह, गृहमंत्री अमित शाह अनि भाजपा अध्यक्ष जे.पी. नड्डा शामिल थिए। यस भन्दा अघि श्री अमित शाहले स्वास्थ्य मंत्री जे.पी. नड्डा, वाणिज्य मंत्री पीयूष गोयल अनि संसदीय कार्यमंत्री किरण रिजिजू सहित भारतीय जनता पार्टीका वरिष्ठ नेताहरु सँग बैठक गर्नुभयो।

****** ० ******

**प्रधानमंत्री प्रयागराज**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज प्रयागराजमा हुने महाकुम्भ मेलाअघि 7 हजार करोड रुपियाँको विकास परियोजनाको उद्घाटन गर्नुहुनेछ। यी परियोजनाहरूमा दशवटा नयाँ सडक ओभर ब्रिज र फ्लाईओभर, स्थायी घाटहरु अनि नदी किनारका सडकहरू समावेश छन्। यी परियोजनाहरू प्रयागराज र वरिपरि यातायातको सुविधा र कनेक्टिभिटी बढाउने उद्देश्यले तयार पारिएका हुन्। श्री मोदीले गंगामा प्रशोधित अवजलको बहावलाई रोक्न परियोजनाहरू पनि सुरु गर्नुहुनेछ। प्रधानमन्त्री आज दिउँसो १२:१५ बजी प्रयागराज पुग्नेछन्। गंगा, यमुना र

सरस्वतीको पवित्र संगममा पूजाआजा गरेर उहाँको यात्रा सुरु हुनेछ। ऐतिहासिक अक्षय वटवृक्षको पूजा गरेपछि उहाँले हनुमान मन्दिर र सरस्वती कुंभको दर्शन गर्नुहेछ। श्री मोदीले महाकुंभ प्रदर्शनी स्थलको पनि भ्रमण गर्नुहुनेछ अनि कुम्भ मेलाको तयारीको जानकारी लिनुहुनेछ। कुम्भ मेला आगामी वर्ष १३ जनवरीबाट सुरु भएर २६ फेब्रुअरीसम्म चल्नेछ।

****** ० ******

**भारत-यूएई-रणनीतिक वार्ता**

विदेश मंत्री डॉ. एस. जयशंकरले हिज नयाँ दिल्लीमा आफ्नु यूएई समकक्ष शेख अब्दुल्ला बिन जायद अल नाहयान सँग चौथी भारत-यूएई रणनीतिक वार्ताको सह-अध्यक्षता गर्नुभयो।एक सामाजिक संजाल पोस्टमा, डा. जयशंकरले रणनीतिक संवाद एक प्रभावकारी प्लेटफर्म हो जसले नेतृत्व मार्गदर्शनलाई वास्तविकतामा बदल्न सहयोग गर्ने बताउनुभएको छ। उहाँले हिज आशाजनक क्षेत्रहरु अनि प्रमुख हितहरुमा उपयोगी वार्ताभएको बताउनु भएको छ। उहाँले प्रतिनिधिमण्डललाई धन्यवाद दिनुहुदै आज बस्ने संयुक्त आयोगको बैठकको सहअध्यक्षताका लागि आफू तत्पर रहेको बताउनु भएको छ।

****** ० ******

**औद्योगिक उत्पादन-अक्टुबर**

यस वर्षको अक्टुबर महिनामा देशको औद्योगिक उत्पादन तीन दशमलव पाँच प्रतिशतले बढेको छ। सांख्यिकी तथा कार्यक्रम कार्यान्वयन मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार आगस्त महिनामा केही मामुली कमी पछि सेप्टेम्बेर अनि अक्टोबरमा औद्योगिक उत्पादन निरन्तर वृद्धि भएको छ ।औद्योगिक उत्पादनका तीन प्रमुख घटकमध्येवि निर्माण उत्पादन क्षेत्रमा ४.१ प्रतिशतले वृद्धि भएको छ भने विद्युत उत्पादन २ प्रतिशत अनि खानी गतिविधिहरुमा ०.९ प्रतिशतले वृद्धि भएको छ ।पिछले वर्षओ अक्टुबर महिनाको तुलनामा यस वर्षको अक्टुबरमा उपयोग आधारित वर्गीकरण अनुसार प्राथमिक वस्तुहरुमा वृद्धि दर दुई दशमलव छ प्रतिशत, पूंजीगत सामानहरुमा तीन दशमलव एक प्रतिशत, सहायक उत्पाद वस्तुहरुमा तीन दशमलव सात प्रतिशत, बुनियादी ढांचा अनि विनिर्माण सामानहरुमा चार प्रतिशत, दीर्घ उपयोग उपभोक्ता वस्तुहरुमा पांच दशमलव नौ प्रतिशत अनि लघु अवधि उपयोग उपभोक्ता वस्तुहरुमा दुइ दशमलव सात प्रतिशत रहेको छ।

****** ० ******

**भारत - यूएई वार्ता**

विदेश मंत्री डॉ. सुब्रह्मण्यम जयशंकरले आज नयाँ दिल्लीमा संयुक्त अरब अमीरातका विदेश मंत्री शेख अब्दुल्ला बिन जायद अल नह्यान सँग साथ 15ओ भारत-यूएई संयुक्त आयोगको बैठकको सह-अध्यक्षता गर्नुहुनेछ। नयाँ दिल्लीमा हिज दुवै नेताहरुले चौथी भारत - संयुक्त अरब अमीरात रणनीतिक वार्ताको सह-अध्यक्षता गर्नुभयो। एक सामाजिक संजाल पोस्टमा, डा. जयशंकरले रणनीतिक संवाद एक प्रभावकारी प्लेटफर्म हो जसले नेतृत्व मार्गदर्शनलाई वास्तविकतामा बदल्न सहयोग गर्ने बताउनुभएको छ। उहाँले हिज आशाजनक क्षेत्रहरु अनि प्रमुख

हितहरुमा उपयोगी वार्ताभएको बताउनु भएको छ।संयुक्त अरब अमीरातका उप-प्रधानमंत्री अनि विदेश मंत्री चौथी रणनीतिक वार्ता अनि 15ओ भारत-यूएई संयुक्त आयोगको बैठकमा भाग लिन बुधवार राती नयाँ दिल्ली आइपुग्नु भएको थियो। विदेश मंत्रालयका प्रवक्ता रणधीर जायसवालले उहाँलाई स्वागत गर्नुभयो अनि एक पोस्टमा उहाँको यस भ्रमणले भारत अनि संयुक्त अरब अमीरात बीच बहुआयामी साझेदारी अझ सुद्रिड हुने बताउनुभयो ।भारत र संयुक्त अरब अमीरात बीच शताब्दीयौंदेखि साझा  व्यापार सम्बन्ध रहेको छ। UAE 2022-2023 मा भारतमा चौथो ठूलो विदेशी प्रत्यक्ष लगानीकर्ता थियो। यसले भारतमा पूर्वाधारमा ७५ अर्ब डलर लगानी गर्ने प्रतिबद्धता जनाएको छ । युएईमा ३५ लाखभन्दा बढी भारतीय छन् ।युएईले भारतको संस्कृतिलाई महत्व दिन्छन्। त्यहाँ भारतीय सिनेमा, टिभी र रेडियो च्यानलहरू सजिलै उपलब्ध छन् र श्रोता र दर्शकहरूको ठूलो संख्या छ।

****** ० ******

**कांग्रेस - दिल्ली पहली सूची**

कांग्रेस पार्टीले दिल्ली विधानसभा चुनावका लागि २१ उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ। पार्टीले बादली विधानसभा क्षेत्रबाट प्रदेश अध्यक्ष देवेन्द्र यादव, नयाँ दिल्ली विधानसभा क्षेत्रबाट सन्दीप दीक्षित, बल्लीमारनबाट हारुन युसुफ, वजिरपुरबाट रागिनी नायक, सीलमपुरबाट अब्दुल रहमान अनि सदरबजार विधानसभा क्षेत्रबाट अनिल भारद्वाजलाई उम्मेदवार बनाएको छ।

****** ० ******

**राज्य सभा - सरकार पश्चिम एशिया**

सरकारले फलीस्तीन प्रति भारतको नीतिमा कुनै बदलाव नभएको अनि सरकारले जहिले पनि बातचीतको मध्यमले द्वि-राष्ट्र समाधानको समर्थन गरेको बताएको छ। यसले सुरक्षित र मान्यता प्राप्त सिमाभित्र सार्वभौमसत्ता सम्पन्न र स्वतन्त्र प्यालेस्टाइनको स्थापना र इजरायलसँगको शान्तिपूर्ण अस्तित्वको नेतृत्व गर्नेछ।

विदेश राज्य मंत्री कीर्ति वर्धन सिंहले हिज राज्यसभामा एक लिखित उत्तरमा बताउनुभयो भारतले पछिलो वर्ष 7 अक्तूबरमा इजरायलमा भएको आतंकी हमला अनि इजरायल-हमास संघर्षमा मानिसहरुको मृत्युको कडा निंदा गरेको छ। भारत सुरक्षा स्थितिलाई लिएर चिंतित छ अनि युद्धविराम, सबै बंधकहरुको रिहाई तथा बातचीत अनि कूटनीति द्वारा संघर्षको शांतिपूर्ण समाधानको आग्रह गरेको छ। उहाँले भन्नुभयो भारतले फलीस्तीनका मानिसहरुलाई समयमा मानवीय सहायता प्रदना गरेको कुरा पनि बताउनुभयो ।

****** ० ******

**सीपीआई-नवम्बर**

यो वर्ष नोभेम्बर महिनामा देशको खुद्रा मुद्रास्फीतिमा कमी आएको छ । अघिल्लो महिनाको तुलनामा ६ दशमलव दुई प्रतिशतबाट ५ दशमलव चार प्रतिशतमा झरेको छ। सांख्यिकी तथा कार्यक्रम कार्यान्वयन मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार ग्रामीण क्षेत्रमा मुद्रास्फीति दर ५.९–५ प्रतिशत र सहरी क्षेत्रमा ४.८–३ प्रतिशत रहेको छ।अखिल भारतीय उपभोक्ता खाद्य मूल्य सूचकांकमा आधारित खाद्य मुद्रास्फीति दर नोभेम्बर महिनामा 9.0-4 प्रतिशतमा रेकर्ड गरिएको थियो, जबकि अघिल्लो महिना यो 10.9 प्रतिशत थियो। यो ग्रामीण क्षेत्रमा 9.1 प्रतिशत र शहरी क्षेत्रमा 8.7-4 प्रतिशत थियो।खाद्य तथा पेय पदार्थको मुद्रास्फीतिमा आएको कमीका कारण नोबेम्बर महिनामा मुद्रास्फीति दर घटेको मन्त्रालयले जनाएको छ। सब्जी, दाल, चिनी तथा कनफेक्शनरी उत्पादन, फलफूल, अण्डा, दूध, मसला, परिवहन तथा सञ्चार तथा व्यक्तिगत हेरचाहजन्य वस्तुको मुद्रास्फीतिमा उल्लेख्य कमि आएको छ।

****** ० ******

**हॉकी**

ओमानको मस्कटमा **महिला जूनियर हॉकी एशिया कप** मा भारतले हिज राती थाईलैंडलाई नौ-शून्य ले पराजित गरेको छ। यस जीत संगै, भारत सेमीफाइनलमा प्रवेश गरेको छ अनि चिलीमा आगामी वर्ष हुने एफ.आई.एच. जूनियर विश्व कपमा आफ्नु स्थान पक्का गरेको छ। भारतको तर्फा बाट दीपिकाले चार गोल गरे, जबकि कनिका सिवाचले लगातार तीन गोल गरे। भोलि सेमीफाइनलमा भारतको सामना जापान सँग हुनेछ।

****** ० ******

**इमरान खान- अभियोगित**

पाकिस्तानको एक अदालतले आज पूर्वप्रधानमन्त्री इमरान खान र उनकी पत्नी बुशरा बिबीलाई दोस्रो तोशाखाना मामिलामा दोषी ठहर गरेको छ।पाकिस्तानको राष्ट्रिय उत्तरदायित्व ब्यूरो-एनएबीले आरोप लगाएको थियो कि साउदी शाही परिवारले मई २०२१ मा इमरान खानकी श्रीमतीलाई बुल्गारी गहना सेट जसमा- एउटा औंठी, ब्रेसलेट, नेकलेस र झुम्का थियो , जस्लाई सरकारी तोषाखानामा जम्मा नगरेर दुवैले अवैध रूपमा आफूसँग राखेको थियो। सरकारी अधिकारीहरूलाई दिइने सबै उपहारहरू तोषाखानामा राखिन्छन्।त्यतिबेला देशका उप-सैन्य सचिवले विशेष अनुसन्धान अदालतलाई उक्त गहना इमरान खानकी श्रीमतीले राखेको जानकारी दिएका थिए। हिज, एक विशेष अदालतले इमरान खान र बुशरा बीबीलाई आरोपहरू पढेर सुनायो - सुनुवाइको क्रममा दुबै उपस्थित थिए - र मुद्दामा कानूनी प्रक्रिया सुरु गर्यो। खान हाल धेरै आरोपहरू सामना गर्दै छन् र रावलपिंडीको अदियाला जेलमा सजाय भोगी रहेका छन्।

****** ० ******

**बैडमिंटन**

चीनको हांग्ज़ोमा **बैडमिंटन वर्ल्ड फेडरेशन- वर्ल्ड टूर फाइनल्स** मा आज भारतीय जोड़ी ट्रीसा जॉली अनि गायत्री गोपीचंदको भीडन्त जापानकी नामी मात्सुयामा अनि चिहारू शिदा सँग हुनेछ। भारतीय जोड़ीले हिज मलेशियालाई 21-19 अनि 21-19 को अन्तरले पराजित गरेको थियो।ट्रीसा अनि गायत्री बीडबल्यूएफ वर्ल्ड टूर फ़ाइनल्समा भारतको एकमात्र प्रतिनिधिहरु हुन्। इस टूर्नामेंटमा दुई समूहमा चार-चार जोड़िहरुलाई राखिन्छ।

****** ○ ******